Academic Journal of Sukuna – AJoS, A Peer-reviewed Interdisciplinary Journal
Volume 5 (Issue 1) 2025 July (2082 Ashad), Pp. 220 – 241, ISSN 2594-3138 (Print)
Research Management Cell (RMC – Sukuna), Sundarharaincha, Morang

# 'मातृत्व' कथामा लैङ्गिकताको प्रयोग

Doi: https://doi.org/10.3126/ajos.v5i1.81994

बालकृष्ण गौतम* र सोमा बस्नेत

शिक्षकहरू, सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा, मोरङ

*Email: balkrishnagtm123@gmail.com

## लेखसार

*प्रस्तुत आलेख कथाकार भागीरथी श्रेष्ठद्वारा रचित सामाजिक विषयवस्तुमा आधारित 'मातृत्व' कथामा प्रयोग भएको लैङ्गिकतालाई लैङ्गिक अध्ययन तथा समालोचनाका आधारमा मूल्याङ्कन गरिएको छ । लैङ्गिक अध्ययनले साहित्यिक कृतिमा नारी, पुरुष तथा अन्य लिङ्गीहरूको सामाजिक र सांस्कृतिक अवस्थाको खोजी गरी सामाजिक न्याय र समता स्थापना गर्ने ध्येय राख्दछ । यस कथामा नारी पात्र ममता र पुरुष पात्र सुबोध बिच लैङ्गिक विभेद देखिएको छ । यही अनुसन्धेय समस्यामा केन्द्रित भई प्रस्तुत कथामा पाइने पितृसत्ताको अवस्था, चरित्र तथा जैविकता, यौनिकता, लैङ्गिक हिंसा, लैङ्गिक चेतना र लैङ्गिक परिणितिको अध्ययन विश्लेषणलाई उद्देश्य बनाएको छ । पुस्तकालय कार्यबाट सोद्देश्यमूलक नमुना विधिबाट प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरू सङ्कलन गरिएको छ । प्राथमिक स्रोतमा मातृत्व कथा र यसभित्रका तथ्यपरक सन्दर्भ र उदाहरणहरू समावेश भएका छन् भने द्वितीयक स्रोतमा लैङ्गिक समालोचनासम्बद्ध लेख, पुस्तक, शोधपत्र र समालोचनाहरू रहेका छन् । पाठ विश्लेषणमा आधारित भई कथाका चयनीय वाक्यहरूको विश्लेषण गरी अर्थ निर्धारण गरिएकाले गुणात्मक अध्ययन पद्धतिको उपयोग गरिएको छ । यसका लागि लैङ्गिक*

*समालोचनाको स्वरुप तथा मान्यताहरूका सैद्धान्तिक ढाँचा अवलम्बन गरिएको छ । यस कथामा समाजमा नारी र पुरुषको सामाजिक भूमिका, निर्णयशक्ति र जिम्मेवारी निर्धारण गर्ने पितृसत्तावादी सोच हावी रहेको, लैङ्गिकता कै कारण पुरुष प्रभुत्व कायम रहेको, नारीमाथि विभेद र शोषण गरिएको, पुरुष शोषणबाट मातृत्वका लागि नारी विद्रोह गरी लैङ्गिक चेतना अपरिहार्य रहेको निष्कर्ष निकालिएको छ ।*

*शब्दकुञ्जी* : उत्पीडन, पितृसत्ता, लैङ्गिक हिंसा, लैङ्गिक समालोचना

## विषयपरिचय

प्रस्तुत आलेखको विषय भागीरथी श्रेष्ठद्वारा लिखित ‘मातृत्व’ कथालाई लैङ्गिक चेतनाका दृष्टिकोणबाट विश्लेषण र मूल्याङ्कन गर्नु रहेको छ । समाज र संस्कृतिबाट निर्मित पुरुष र महिला बिचको सामाजिक, सांस्कृतिक, आर्थिक तथा मनोवैज्ञानिक स्थिति र भूमिकालाई नै लैङ्गिकता (जेन्डर) भनिन्छ । लैङ्गिकताका आधारमा गरिने विभेद र अन्यायपूर्ण व्यवहार एवम् परम्परित मान्यताबाट निर्माण गरिएका लैङ्गिक भूमिकाहरूमा समान तथा न्यायपूर्ण अवस्थाको खोजी गर्नु नै लैङ्गिक चेतना हो (खनाल, वि.सं. २०७५, पृ. ०१) । समाजमा पुरुषले नारीमाथि र नारीले पुरुषमाथि गर्ने विभेदको अन्त्य गर्नुपर्ने विचार लैङ्गिक चेतना हो तथापि पितृसत्तात्मक समाजमा खासगरी पुरुषहरूबाट नै नारीहरू शोषित पीडित र उपेक्षित भएका छन् । यी दुवैको सहअस्तित्वको खोजी लैङ्गिक चेतनामा गरिन्छ । यो चेतना नेपाली साहित्यमा नवीन विचारका रूपमा देखापरेको छ । लैङ्गिक चेतनाको अध्ययन लैङ्गिक समालोचनाअन्तर्गत गरिन्छ । अङ्ग्रेजी भाषाको ‘जेन्डर क्रिटिसिजम’को नेपाली रूपान्तरण नै लैङ्गिक समालोचना हो । लैङ्गिक समालोचना पुरुष र महिलाको सम्बन्ध, समाजमा तिनको भूमिका तथा सामाजिक, आर्थिक, सांस्कृतिक संरचनामा पुरुष र महिलाको हस्तक्षेपको अध्ययन हो (भट्टराई, वि.सं. २०७६ पृ. २६०)। यसले सामाजिक तथा

सांस्कृतिक दृष्टिले महिला, पुरुष तथा अन्य लिङ्गी (तेस्रो लिङ्गी) हरूका विचमा कुनै किसिमको भिन्नता हुनु हुँदैन भन्ने मान्यता राख्दछ । लैङ्गिक समालोचनालाई लैङ्गिक अध्ययनको विशिष्ट क्षेत्रअन्तर्गत राखिएको छ (अब्राम्स र हार्फम, सन् २००५, पृ. ११३) । समाजका राजनीति, धर्म, शिक्षा, संस्कृति, घरपरिवार आदि कुनै पनि क्षेत्रमा हुने विभेदको अन्त्य गरी लैङ्गिक दृष्टिले न्यायमूलक एवम् समतामूलक समाज निर्माणको ध्येय राख्नु लैङ्गिक अध्ययनको खास उद्देश्य हो । लैङ्गिक दृष्टिले साहित्यिक कृतिको समीक्षण र मूल्याङ्कन गर्ने कार्य लैङ्गिक समालोचना हो ।

लैङ्गिक अध्ययनको आधारभूमि नारीवादलाई मानिन्छ । नारीवादी दृष्टिकोणको विकास मार्क्सवादी चिन्तनबाट आरम्भ भएको हो । सिमोन र बुआको ‘द सेकेन्ड सेक्स’ (सन् १९४९) को प्रकाशनपछि नारीवाद र लैङ्गिक अध्ययनले प्राज्ञिक र बौद्धिक महत्त्व प्राप्त गर्यो भने साहित्यका क्षेत्रमा नारीलेखन र लैङ्गिक भिन्नतालाई प्रष्ट पार्न ऐतिहासिक, जीववैज्ञानिक, मनोवैज्ञानिक र सांस्कृतिक व्याख्याहरू प्रस्तुत गरिए र महिलाहरू कसरी दोस्रो दर्जाका नागरिक वा भूमिकाका दृष्टिले कम महत्त्वका रहेका छन् भन्ने कुराको व्याख्यात्मक अभिलेख पनि प्रस्तुत गरियो (टोलान, सन् २००६, उद्धृत : भट्टराई, वि.सं. २०७६, पृ. २६२) । नारीवादी आन्दोलनले सन् १९६० पछि लैङ्गिक अध्ययन तथा लैङ्गिक भूमिकालाई समेटेर अघि बढ्ने क्रममा लैङ्गिक अध्ययनको जन्म भएको हो (उप्रेती, वि.सं. २०६८, पृ. २४१) । सन् १९८० को दशकपछि लैङ्गिक अध्ययनमा उत्तरसंरचनावादको प्रभाव पर्न थालेपछि फुकोको लिङ्ग र सङ्कथन, लकानको मनोविश्लेषणको अध्ययन, डेरिडाको भिन्नताको राजनीति आदिको प्रभावले नारीवादी तथा लैङ्गिक अध्ययनमा रुचि बढायो (भट्टराई, वि.सं.२०७६ पृ. २६३) । यसै समयमा लैङ्गिक समविकासको आधारमा लैङ्गिक अध्ययन विकसित हुन थाल्यो ।

वर्तमान सन्दर्भमा लैङ्गिक अध्ययन साहित्यको विश्लेषण र मूल्याङ्कन गर्ने महत्त्वपूर्ण सिद्धान्तका रूपमा स्थापित भएको छ ।

समाजमा कानुनी रूपमा नारी र पुरुषको समान अधिकार रहेपनि व्यावहारिक रूपमा लैङ्गिक विभेद कायमै छ तसर्थ नारी र पुरुष विचको समता अझै पनि देखिँदैन । समाजमा लैङ्गिक विभेद शक्ति, सामर्थ्य तथा स्वामित्वमा पुरुषकै प्रभुत्वका कारण सिर्जित छ । समाजमा उत्पादनका साधनमा पुरुषकै वर्चस्व कायम हुनु एवम् नारीले पैतृक सम्पत्तिको नैसर्गिक उपभोग गर्ने वातावरण नहुनाले लैङ्गिक विभेद रहेको पुष्टि गर्दछ । समाजमा नारी र पुरुष व्यावहारिक रूपमा किन समान छैनन् ? सामाजिक लिङ्गले नारी र पुरुषको भूमिकालाई के कसरी निर्धारण गर्दछन् जस्ता पक्ष यस आलेखको क्षेत्र बनेको छ । यसै सन्दर्भमा मातृत्व कथामा के कस्तो लैङ्गिक चेतनाको प्रयोग गरिएको छ भन्ने मूल जिज्ञासा तथा समस्याको विश्लेषणमा प्रस्तुत अध्ययन केन्द्रित छ । मातृत्व कथामा पितृसत्ता, चरित्र/जैविकता, यौनिकता, लैङ्गिक हिंसा, लैङ्गिक चेतना र लैङ्गिक परिणति पनि के कस्तो रहेको छ ? भन्ने अनुसन्धानत्मक प्रश्नमा केन्द्रित भई यिनै पक्षहरू सो कथामा के कसरी प्रयोग भएका छन् भनी शल्यक्रिया गर्नु नै यस आलेखको मुख्य उद्देश्य हो ।

सांस्कृतिक समालोचनाको एक नवीन शाखा लैङ्गिक समालोचना हो । यसले परम्परागत समालोचना प्रणालीभन्दा फरक ढङ्गले पाठ वा सङ्कथन विश्लेषण गर्दछ । लैङ्गिक समालोचनाका आधारमा कृति विश्लेषणको ढाँचा बनाई मातृत्व कथाको विश्लेषण गरिएको छ । कथा र साहित्यका अन्य विधामा लैङ्गिक चेतनाको प्रयोगसम्बन्धी अध्ययन भए पनि मातृत्व कथामा अध्ययन नभएकाले लैङ्गिकताको अनुशीलन आवश्यक देखिएको छ । यसबाट प्रस्तुत कृतिमा भेटिने लैङ्गिक चेतनासम्बद्ध ज्ञानमाथि वस्तुगत रूपमा मौलिक ढङ्गले प्रकाश पारिएको छ । त्यसैले यो अध्ययन महत्त्वपूर्ण बनेको छ । लैङ्गिक चेतनालाई नै

केन्द्रबिन्दु बनाएर मातृत्व कथाको परिशीलन नगरिएकाले यो अध्ययन नै लैङ्गिक समालोचनाका दृष्टिले मूल्याङ्कन गरिएको पहिलो आलेख हो । यसर्थ पनि यसको औचित्य उच्च रहेको ठहरिन्छ । विश्लेषणीय विषयवस्तु र यसबाट प्राप्त हुने ज्ञान सम्बद्ध विषयका जिज्ञासु, अध्येता, शोधार्थी, पाठ्यक्रम निर्माता तथा पठनपाठनमा संलग्न व्यक्तिहरूका लागि समेत उपयोगी हुने भएकोले प्रस्तुत अध्ययन औचित्यपूर्ण रहेको छ । पठन संस्कृति कम हुँदै गएका सन्दर्भमा प्रस्तुत अध्ययनले पाठकहरूमा पठन संस्कृतिको विकासमा उत्प्रेरणा पनि प्रदान गर्दछ । प्रस्तुत आलेखले मातृत्व कथामा लैङ्गिक समालोचना अध्ययनको आरम्भिक मार्गनिर्देशको गोरेटो पनि निर्माण गर्ने भएकाले प्रस्तुत अध्ययन अत्यावश्यक ठानिएको छ । अतः मातृत्व कथाको लैङ्गिक समालोचनाको गोरेटोको निर्माण गरी लैङ्गिक समविकासमा जागरण र उत्प्रेरणा समेत प्रदान गर्नेछ त्यसैले लैङ्गिक अध्ययनसम्बद्ध जिज्ञासुहरूका लागि प्रस्तुत आलेख उपलब्धिमूलक र औचित्यपूर्ण ठानिन्छ ।

मातृत्व कथालाई नै आधार बनाएर लैङ्गिक अध्ययन भएको पाउन कठिन छ । यस कथासँग सम्बन्धित भएर अन्य आधारमा चाहिँ केही अध्ययन र समीक्षण भएको देखिन्छ । श्रेष्ठ (वि.सं. २०४५) ले नेपाली कथाका समकालीन सन्दर्भहरूमा नेपाली कथाका समसामयिक सन्दर्भहरूको विवेचना गर्ने क्रममा भागीरथीलाई हार्दिक अनुभूतिको तहबाट समाज र जीवनको अन्तर निरीक्षण गर्ने कथाकारका रूपमा चिनाएका छन् । लामिछाने (वि.सं.२०७२) ले नेपाली कथा र उपन्यास सिद्धान्त र समीक्षा पुस्तकमा भागिरथी श्रेष्ठले परम्परागत सोचाइ भएका पुरुषहरूका क्रियाकलापबाट नारीहरूले भोग्नु परेका समस्या, व्यथा, पीडा र विवशतालाई अभिव्यक्त गरी लैङ्गिक विभेद हटाउनुपर्ने सन्देश दिइएको उल्लेख गरेका छन् ।

लुइटेल (सन् २०११) ले आख्यानकार भागीरथी श्रेष्ठ शीर्षकको लेखमा कथाकार श्रेष्ठको जीवनी र कृतित्वका बारेमा सटिक चर्चा गरेकी छिन् । उनले भागीरथी श्रेष्ठका कथामा दाम्पत्य जीवनका विविध पाटाहरू, सन्तानविहीन परिस्थितिमा मानिसले भोग्नुपर्ने पीडा, मातृत्वको पीडा र महत्त्व, आर्थिक असमानताले उत्पन्न गरेको पीडाजन्य परिस्थिति, वैधव्यको पीडा, नारीले भोग्नुपरेका सामाजिक तिरस्कार, पुरानो र नयाँ पुस्ताका विचमा देखापर्ने सङ्कटग्रस्त मूल्यहरू जस्ता विविध विषयवस्तुबाट कथाकार श्रेष्ठले कथाको संरचना निर्माण गरेकी छिन् भन्ने विचार अभिव्यक्त गरेकी छिन् । यसबाट मातृत्व कथामा लैङ्गिक अध्ययन गर्न सकिने सङ्केत फेला पर्दछ । पौडेल (सन् २०२१) ले मृगतृष्णा कथामा लैङ्गिक चेतना शीर्षकमा अध्ययन गरेका छन् । उनले मृगतृष्णा कथामा प्रयोग भएको लैङ्गिक चेतनाको अवस्था पत्ता लगाउने, जैविक लिङ्गका कारणले पात्रको सामाजिक भूमिकामा पार्ने प्रभाव तथा लैङ्गिक विभेद र शोषणको अध्ययन गर्ने उद्देश्य राखी समाजमा पितृसत्तावादी सोच हाबी भएको, सामाजिक लिङ्गकै कारण पुरुष प्रभुत्व कायम रहेको, नारीमाथि शोषण दमन हुने गरेको, पितृसत्ताका आधारमा हुने शोषण विभेदबाट मुक्तिका लागि नारी विद्रोह अपरिहार्य रहेको तथा लैङ्गिक समविकासका लागि नारी पुरुष परिपूरक बन्नुपर्ने निष्कर्ष निकालेका छन् । खनाल (सन् २०२२) ले निद्रा कथामा लैङ्गिकता शीर्षकको लेखमा लैङ्गिकताका आधारमा निद्रा कथाको विश्लेषण गरेका छन् । उनले लैङ्गिक अध्ययनको सैद्धान्तिक अवधारणा प्रस्तुत गर्दै निद्रा कथामा लैङ्गिक प्रतिनिधित्व र पहिचानको चित्रण गर्ने र लैङ्गिकताका दृष्टिले पात्रको भूमिका निरूपण गर्ने उद्देश्य राखी नारी पात्रहरू आफ्नो अस्तित्व रक्षा र पहिचानका लागि निर्भीक देखिएको निष्कर्ष निकालेका छन् ।


लैङ्गिक अध्ययनकै सन्दर्भमा कायस्थ (वि.सं. २०७८) ले विश्वेश्वरप्रसाद कोइरालाका कथामा लैङ्गिकता शोध प्रबन्धमा विश्वेश्वरप्रसाद कोइरालाका कथामा लैङ्गिक, वर्गीय र जातीय

शक्तिसम्बन्ध र पहिचानको विश्लेषण गर्ने तथा वर्गीय शोषण र लैङ्गिक उत्पीडनको स्वरूप निरूपण गर्ने उद्देश्य राखी गरिएको विश्लेषणमा नेपाली समाजमा व्याप्त लैङ्गिक विभेद र उत्पीडन तथा पितृसत्तात्मक वर्चस्वले नारी र पुरुषका सम्बन्धमा पारेको प्रभाव कोइरालाका कथामा विशिष्ट रूपले देखिन्छ भन्ने चर्चा गरेका छन् ।

प्रस्तुत आलेखलाई वस्तुगत रूपमा परिशीलन गर्न लैङ्गिक समालोचना सिद्धान्तको सैद्धान्तिक ढाँचा अवलम्बन गरिएको छ । मातृत्व कथामा प्रयोग भएको लैङ्गिकतालाई निम्न अवधारणात्मक ढाँचामा समीक्षण गरिएको छ :

**चित्र १**

*अवधारणात्मक ढाँचा*




प्रस्तुत आलेखमा तथ्याङ्क विश्लेषणको मुख्य सैद्धान्तिक आधार लैङ्गिक समालोचना सिद्धान्त हो । प्रस्तुत कथामा प्रस्तुत भएको विषयवस्तु तथा कथावस्तुका आधारमा नै सैद्धान्तिक पर्याधार निर्माण गरिएको छ । साहित्यिक कृतिलाई लैङ्गिक दृष्टिकोणले समीक्षण र मूल्याङ्कन गर्नु नै लैङ्गिक समालोचना हो । यसमा कृतिभित्र महिला र पुरुषका सम्बन्ध र त्यसले निर्धारण गरेका सामाजिक निर्मितिको अध्ययन गरिन्छ । लैङ्गिक दृष्टिले साहित्यको

विश्लेषण र मूल्याङ्कन गर्ने कार्यलाई लैङ्गिक समालोचना भनिन्छ (खनाल, २०७५ पृ. १) । लैङ्गिक समालोचनाका आधारहरू खनाल (२०७५) ले पितृसत्ता, नारीवाद, पुरुषत्व, यौनिकता, लैङ्गिक समानता र समता, लैङ्गिक भूमिका, लैङ्गिक विभेद, लैङ्गिक हिंसा, लैङ्गिक सशक्तीकरण, लैङ्गिक भाषा र जैविक लिङ्ग उल्लेख गरेका छन् । त्यसैगरी भट्टराई (२०७६) ले लैङ्गिक समालोचनाका सैद्धान्तिक आधारहरू नारीवाद, पितृसत्ता, सामाजिक लिङ्ग, लैङ्गिकता, पुलिङ्ग, सामाजिक लिङ्गभेद र शरीर राजनीति प्रस्तुत गरेका छन् । कृति समालोचनाका यी सम्पूर्ण आधारहरू बृहत्तर आयामका रूपमा रहेका छन् तसर्थ प्रस्तुत मातृत्व कथामा प्रयोग भएको लैङ्गिकतालाई पितृसत्ता, जैविकता, यौनिकता, लैङ्गिक हिंसा र लैङ्गिक चेतनाका आधारमा अनुशीलन गरी लैङ्गिक परिणति तथा निष्कर्ष निकालिएको छ ।

## विधि र सामग्री

प्रस्तुत आलेखमा सामग्री सङ्कलन पुस्तकालय अध्ययन कार्यबाट गरिएको छ । यस सन्दर्भमा प्राथमिक र द्वितीयक स्रोतको उपयोग गरिएको छ । प्राथमिक स्रोतका रूपमा कथाकार भागीरथी श्रेष्ठद्वारा लिखित मातृत्व कथालाई लिएको छ भने द्वितीयक स्रोतका रूपमा मातृत्व कथाका बारेमा लेखिएका सामग्रीहरू, अनुसन्धानात्मक लेख, समीक्षण, पुस्तक, शोधपत्रहरू र लैङ्गिक अध्ययन तथा समालोचनासँग सम्बन्धित सन्दर्भ ग्रन्थहरूको उपयोग गरिएको छ । यसरी सङ्कलित सामग्रीलाई वर्णनात्मक र विश्लेषणात्मक विधिद्वारा विश्लेषण गरी निष्कर्षमा पुगिएकाले यो अध्ययन गुणात्मक प्रकृतिको रहेको छ ।

प्रस्तुत आलेखमा तथ्याङ्क विश्लेषणको मुख्य सैद्धान्तिक आधार लैङ्गिक समालोचना सिद्धान्त हो । यस सिद्धान्तका आधारमा मातृत्व कथालाई विश्लेषण गर्दा उक्त कथामा प्रस्तुत कथावस्तुका आधारमा नै सैद्धान्तिक पर्याधार निर्माण गरिएको र लैङ्गिक समालोचना पद्धतिका स्थापित मान्यताका सापेक्षतामा व्याख्या तथा विश्लेषण गरिएको छ । यसअन्तर्गत स्थापित

विभिन्न प्रतिमानहरूमध्ये पितृसत्ता, जैविकता, यौनिकता, लैङ्गिक हिंसा, लैङ्गिक चेतना र लैङ्गिक परिणतिका आधारमा उक्त कथाको विश्लेषण गरिएको छ । यी बाहेकका अन्य कथा र अन्य आधार एवम् अन्य दृष्टिकोणबाट मातृत्व कथालाई अध्ययन नगर्नु यस आलेखका सीमा हुन् ।

## नतिजा र छलफल

कथाकार भागीरथी श्रेष्ठ (वि.सं.२००५) द्वारा लिखित ‘मातृत्व’ कथा मनोवैज्ञानिक पृष्ठभूमिमा रचित सामाजिक यथार्थवादी कथा हो । यो कथा प्रथमतः ‘गरिमा’ (वि.सं. २०४०) पत्रिकामा प्रकाशित भएको र पछि ‘क्रमश (वि.सं. २०४३) कथा सङ्ग्रहमा सङ्कलित लैङ्गिक समस्यामूलक कथा हो । यस कथाका पात्रहरू म (ममता), सुबोध, ममताको छोरो र छोरी चन्द्रमा एवम् चन्द्रमा दुर्घटना परेको खबर सुनाउने भाइ रहेका छन् । हवाईजहाज दुर्घटनाबाट पति गुमाएकी प्रमुख नारी पात्र ममताका मनोभावहरू, पीडा, अभाव, निराशा र मातृत्व भावलाई चित्रण गरिएको यस कथामा नेपाली समाजमा नारीले भोगेका समस्या र हिंसालाई प्रस्तुत गरी पितृसत्तात्मक समाजमा विद्रोह गरी समस्याको समाधान गर्नुपर्ने विचार मुखरित गरिएको छ । एकल जीवन बिताइरहेकी ममतालाई पतिको साथी सुबोधले सान्त्वना दिई उनको मन जितेपछि ममता र सुबोध जीवनमा सहयात्रा गर्ने निर्णय गर्दछन् ।
ममतालाई आफ्नो बसमा पारेपछि सुबोध उनका छोराछोरीलाई हेप्ने र गाली गर्ने गर्दछन् । यतिसम्म कि छोराछोरीलाई राखिदिएको सुजीको हलुवा बच्चाहरूलाई अरु दिए हुन्छ नि भन्दै आफै खानु, छोरी चन्द्रमा हराउँदा पनि प्रहरीले भेटेपछि खबर गरिहाल्छ नि भन्दै बेवास्ता गर्नु, चन्द्रमा दुर्घटनामा परेर अस्पतालमा भएको थाहा पाउँदा समेत पेट दुखेको बहाना बनाई अस्पताल नजानु जस्ता अत्यन्त गैरजिम्मेवार र क्रुर व्यवहारबाट ममता अत्यन्तै पीडित र विदीर्ण हुन्छिन् । सुबोधसँगको सहयात्रामा रहँदा आफूसहित छोराछोरीको जीवन अन्धकार हुने

देखेर छोराछोरीको सुनौलो भविष्यका लागि सुबोधलाई परित्याग गर्दछिन् । छोराछोरीका लागि आमा सबथोक हो भन्ने मातृत्वभावको सन्देश दिँदै कथा अन्त्य भएको छ । अतः कथावस्तु र घटनाक्रमका प्रासङ्गिक सन्दर्भहरूलाई साक्षी राखी प्रस्तुत 'मातृत्व' कथामा देखिने लैङ्गिकताको प्रयोगलाई निम्नअनुसार विश्लेषण गरिएको छ :

**पितृसत्ता**

समाजमा पुरुषको वर्चस्व कायम रहनु नै पितृसत्ता हो । घर, परिवार र समाजमा पुरुषको प्रभुत्व कायम रहनु नै पितृसत्ता हो (भट्टराई, वि.सं. २०७६ पृ. २५१) । धर्म, संस्कृति, शिक्षा, मनोरञ्जन एवम् महिलाको यौनिकता, प्रजनन्, श्रम, सम्पत्ति तथा उत्पादनमा पनि पुरुषकै अधिकार निर्णायक रहन्छ । महिलामाथि पुरुषले दमन र हैकम राखेकाले नै पितृसत्ता र पुँजीवादी समाजमा पुरुषको हैसियत उच्च र महिलाको हैसियत कमजोर रहेको हुन्छ । यसमा पुरुषले आफूलाई शक्तिशाली ठान्दै त्यसैअनुसार व्यवहार प्रदर्शन गर्दछ ।

प्रस्तुत 'मातृत्व' कथामा कथाको खलनायकीय भूमिकामा देखापर्ने सुबोधले प्रभुत्ववाद र हैकमवादी व्यवहार प्रदर्शन गर्दछ । एकल जीवन बिताइरहेकी कथाकी प्रमुख पात्र ममता र उनका छोराछोरीहरूलाई समेत आफ्नै नियन्त्रण र अधिकारमा राखेर सुबोधले पितृसत्तात्मक हैकम प्रदर्शन गरेको छ । ममताको विवशतामा प्रवेश गरी सहयोगको बहानामा आफ्नो यौन पिपासु स्वार्थ पूरा गर्न उद्यत सुबोध निर्दयी र कामवासनाबाट ग्रस्त स्त्रीलम्पट पात्र हो । ममता र उनका छोराछोरी समेत पितृसत्ताबाट पीडित छन् भन्ने प्रसङ्ग कथामा यसरी वर्णन गरिएको छ :

भाषा प्रयोग १ : मम्मी ! सुबोध अङ्कल मन पर्दैन मलाई । ...... तपाईं नहुँदा हामीलाई कस्तो हपार्नुहुन्छ, गाली गर्नुहुन्छ, बुबाले जस्तो माया गर्नुहुन्न । आमा ! अबदेखि सुबोध अङ्कललाई हामीकहाँ नआउनू भन्नुस् न सुवेदी र चौलागाईं, २०६५ पृ. २१०) ।

भाषा प्रयोग २ : हलुवा साह्रै मिठो बनाइछ्यौ । पुगेन । बाँकी छ भने अलिकति थपिदेऊ न ममता ! छोराछोरीका लागि मात्र छ । ..... बच्चाहरूलाई अरु दिए हुन्छ नि । यही देऊ न मलाई (पृ. २१३) ।

भाषा प्रयोग ३ : मम्मी ! ममी खानेकुरा दिनुस् । मम्मी ! भोक लाग्यो । ........ बच्चाहरूले डिस्टर्ब गरेको मन पर्दैन मलाई । पैसा दिएर बाहिर खान जाऊ भन (पृ. २१४) ।

भाषा प्रयोग ४ : ढोका लगाइदेऊ ममता ! ..... अरु कुरा थाहा छैन । खुरुक्क ढोका लगाएर यहाँ आऊ (पृ. २१५) ।

उपर्युक्त भाषा प्रयोगमा सुबोधको पितृसत्तात्मक चिन्तन र क्रियाकलाप प्रदर्शन भएको छ । छोराछोरीलाई उपेक्षा गरी गाली गर्नु र हपार्नु, उनीहरूका लागि राखिदिएको हलुवा खाजा मागीमागी सबै खाइदिनु र पैसा दिएर बाहिर जबर्जस्ती खान पठाउनु, ममताको इच्छा विपरीत ढोका लगाएर कोठामा सँगै बस्न दबाब दिनु जस्ता घटनाक्रमले पुरुष सत्ताकै हैकम र नारीलाई भोग्या वस्तु ठान्ने पुरुषको भोगवादी प्रवृत्ति रहेको पुष्टि गर्दछन् ।

**चरित्र तथा जैविकता**

आख्यान र यसका विशेषतालाई अगाडि बढाउन कथामा प्रयोग गरिएका मानवीय वा मानवेतर वस्तु नै चरित्र हो । यस्ता वस्तु मूलतः प्राणी तथा जीवसँग सम्बन्धित हुने भएकाले यसलाई जैविकता पनि भनिन्छ । जुन तत्त्वका सहयोग र माध्यमबाट घटनाहरू घटित हुन्छन् तथा विकसित हुन्छन्, तिनीहरू नै चरित्र हुन् (खनाल, वि.सं. २०७५ पृ.४४) । चरित्र पुरुष, स्त्री, प्रमुख, सहायक, स्थिर, गतिशील, यथार्थ, आदर्श, गोलो, चेप्टो, बद्ध, मुक्त आदि विविध प्रकृतिका हुन्छन् ।

प्रस्तुत 'मातृत्व' कथामा म पात्रका रूपमा रहेकी ममता नारीवादी विचार राख्ने पात्र हुन् । ममतामा बलियो लैङ्गिक चेतना र आधुनिकतालाई आलोचनात्मक स्वीकार गर्ने प्रवृत्ति

छ । प्रेम र मातृत्वको द्वन्द्वमा परी मातृत्वको विजय गराउने ऊ साहसी र कर्तव्यपरायण नारी हुन् । कथाकारका विचारलाई बोकेर हिँड्ने प्रमुख मुख पात्र नै ममता हुन् । उनले समाज र सुबोधप्रति विद्रोह गरेकी छिन् । पतिको मृत्युपछि समाजका चुनौतीहरूलाई सामना गर्ने हिम्मतका साथ ममताले दोस्रो पतिका रुपमा सुबोधलाई अपनाउने निर्णय गरेकी छिन् । "लोग्ने हुँदा हाम्रो जिन्दगी कति मनमोहक थियो । लोग्ने मेरा लागि सर्वस्व हुनुहुन्थ्यो । उहाँपछि आफ्नो र छोराछोरीका लागि सहारा र माया खोजेँ त के बिराएँ मैले ? परम्परा र बन्धनलाई तोडेर के अपराध गरे मैले ? समयको माग पनि यही हो" (पृ. ९७) । समाजले एकल नारीलाई सधैंभरि विधवाकै रुपमा राख्ने कुप्रथाप्रति विद्रोह गरी आफ्नो मृतपतिको साथी सुबोधलाई पतिका रूपमा स्वीकार्ने निर्णय गर्नु स्वाभाविक मानिन्छ । पछि सुबोधको यौन पिपासु व्यवहारबाट आजित भई नारी स्वतन्त्रताका पक्षमा आवाज उठाई मातृत्व भावलाई सर्वोपरि ठानेकी छिन् । "मलाई कसैको सहारा जरुरत छैन । मलाई छोडिदिनुस् मलाई मुक्ति दिनुस्" (पृ. १०४) भन्ने भनाइले यसैलाई पुष्टि गर्दछ । परपुरुषसँग सम्बन्ध राखी दोस्रो पति स्वीकार्ने निर्णय गर्ने ममता व्यक्ति पात्र हो । नेपाली नारीहरूको स्वभावलाई प्रतिनिधित्व नगर्ने हुनाले ममतालाई व्यक्ति पात्रका रुपमा लिइन्छ । ऊ आफ्नो विचारमा अडिक नदेखिएकाले परिवर्तनशील पात्र हो । ऊ मञ्चीय र बद्धपात्र भएकाले कथाबाट निकाल्न सकिँदैन ।

सुबोध पितृसत्तात्मक समाजको प्रतिनिधित्व गर्ने पात्र हो । कथाको सहायक पुरुष पात्र ऊ कामवासनाबाट ग्रस्त स्त्री लम्पट र नारीलाई भोग्या वस्तु ठान्ने भोगवादी प्रवृत्ति भएको प्रतिकूल पात्र हो । ममताका छोराछोरीलाई दया, माया, प्रेम र सद्भाव नगर्ने निर्दयी, स्वार्थी र कठोर पात्रका रूपमा रहेको सुबोध एकल नारी ममताको विवशतामा प्रवेश गरी सहयोग गर्ने बहानामा आफ्नो स्वार्थ पूरा गर्न उद्यत खराब पात्र हो । यसले पुरुष प्रवृत्तिको प्रतिनिधित्व गरेको छ । त्यसैले वर्गीय चरित्रको पात्र हो । ममतालाई यौन हिंसा गर्ने र लैङ्गिक विभेद गर्ने

सङ्कीर्ण मानसिकता बोक्ने सुबोधको विचार कथाको आरम्भदेखि अन्त्यसम्म परिवर्तन नभएकाले स्थिर पात्र हो र कथामा कथालाई सहयोगी रूपमा अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेलेको मञ्चीय एवम् बद्धपात्र हो । ममतालाई ढोका बन्द गर्न कडा निर्देशन दिनु तथा ममताका छोराछोरीले डिस्टर्ब गरे भनी रिसाउनु जस्ता प्रसङ्गले सुबोध खलनायकको भूमिकामा रहेको देखिन्छ ।

ममताका छोरा र छोरी चन्द्रमा बालसुलभ हृदयका पात्र हुन् । बालबालिकाहरू रुखो व्यवहार नसहने प्रवृत्तिका हुन्छन् । सुबोधले हप्काएको र ठूलो स्वरले बोलेको मन पराउँदैनन् । छोराछोरीमा सुबोधप्रति घृणा भाव छ । सुबोध दिनदिनै आफ्नो घरमा आएको छोरालाई मन नपर्नु, सुबोधले हपार्ने र गाली गर्ने तथा आफ्नो बुबाले जस्तो माया नगर्ने कुरा गर्नु (पृ. ९५) जस्ता सन्दर्भ बाल संवेदनाका उपेक्षाभाव हुन् । छोरो बालपात्र, आम नेपाली बालकहरूको प्रतिनिधित्व गर्ने वर्गीय पात्र, सुरुदेखि अन्तिमसम्मका विचारमा परिवर्तन नआउने स्थिर पात्र, कथावस्तुमा प्रत्यक्ष देखिने मञ्चीय र बद्धपात्र हो । छोरी चन्द्रमा बाहिर खेल्न निस्किँदा मोटरसाइकलले धक्का दिई दुर्घटनामा परेकी छन् । उनको दाहिने हात भाँचिएर प्लास्टर गरिएको छ (पृ. १०३) । यिनी पनि छोरा जस्तै स्थिर र वर्गीय चरित्रकी पात्र हुन् । कथामा देखिएका अर्का पात्र एक युवक जसलाई भाइ भनिएको छ । उनले पनि चन्द्रमा घाइते भएको खबर ममतालाई सुनाई ममतासँगै ट्याक्सीमा बसेर अस्पताल आउँछन्। तसर्थ यी पात्र मानवीय गुणले भरिएका असल पात्र हुन् । सुबोध जस्तो अमानवीय पात्र होइन किनभने चन्द्रमा घाइते हुँदा पनि सुबोध बेमतलबी भई आफ्नै कामवासना र स्वार्थमा डुबेको छ । लैङ्गिक दृष्टिले हेर्दा यस कथाका सम्पूर्ण पात्रहरूको भूमिका सान्दर्भिक छ भने सुबोधको भूमिका अस्वाभाविक र सङ्कीर्णतावादी रहेको छ ।

**यौनिकता**

व्यक्तिको यौनिक सम्बन्धलाई यौनिकता भनिन्छ । यौनिकता समलिङ्गी वा विपरीत लिङ्गी पात्रहरूको यौन क्रियाकलाप, चाहना, यौन शक्ति, हाउभाउ र व्यवहार हो । जैविक रूपमा यौनका सम्बन्ध तथा स्वरूपहरू शारीरिक र संवेगात्मक पक्षहरूलाई यौनिकतासँग सम्बन्धित गर्न सकिन्छ (खनाल, वि.सं. २०७५ पृ. १८) । यौनिकतामा पनि विपरीत लिङ्गी यौनिकता, समलिङ्गी यौनिकता, द्विलिङ्गी यौनिकता, परिवर्तित लिङ्गी यौनिकता र अन्तरलिङ्गी यौनिकता जस्ता पक्ष रहेका छन् । 'मातृत्व' कथामा विपरीत लिङ्गी यौनिकता प्रबल रूपमा फेला पार्न सकिन्छ । यस कथामा विपरीत लिङ्गी यौनिकता, जैविक आवश्यकता र यौनको अभिव्यक्ति भएको देखिन्छ । कथामा महिला पात्र ममतामा भन्दा बढी यौनिक प्रवृत्ति पुरुष पात्र सुबोधमा भेटिन्छ ।

'मातृत्व' कथा यौनिक पक्षमा केन्द्रित छ । यस कथामा यौनिकताका सन्दर्भहरू कतिपय यौनिक हिंसाजन्य व्यवहारका रुपमा र कतिपय विपरीत लिङ्गी यौनिक सन्दर्भहरू मनोयौनिक स्वाभाविक ढङ्गले प्रस्तुत गरिएको छ । ममताले झ्यालमा बसेर सुबोधको पर्खाइमा बाटो हेर्नु, आफ्नो छोराले सुबोधलाई मन नपराउँदा पनि ममताले "उहाँले तिमी हामी सबैलाई माया गर्नुहुन्छ ।" भन्नु, "उहाँ राम्रो अङ्कल हुनुहुन्छ ।" (पृ. ९५) भन्ने अभिव्यक्तिमा ममताको सुबोधप्रतिको मनोयौनिक व्यवहार र सन्दर्भ प्रकट भएको छ । लोग्नेको मृत्युपछि शून्यता र रिक्तताले मरुभूमि भएको जीवनमा लोग्नेकै साथी सुबोध आश्वासन र माया दर्साउन आउँदा टेक्ने हाँगो पाएको महसुस गरी ममताले सुबोधलाई माया र सम्मान गर्न थालेको प्रसङ्ग निम्नानुसार आएको छ :

"लाग्थ्यो, संसारमा एउटा कोही त माया गर्ने पुरुष चाहिन्छ, जुन माया शारीरिकभन्दा मानसिक रुपमा ज्यादा होस् । यसैको चाहनाले च्यापेर अनायास म सुबोधलाई बढी माया र

सम्मान गर्न थालेथेँ । उहाँ त हुनुहुन्थ्यो मेरो दुःख र सुखमा साथ दिनुहुने र मकहाँ बराबर सहानुभूति देखाउन आउनुहुने" (पृ. ९६) ।

यसरी ममतामा आत्मिक प्रेमका साथ यौनिक सम्बन्धको चाहना अवचेतन र अर्धचेतन मनमा रहेको प्रष्ट देखिन्छ । सुबोधले आवेशपूर्ण तरिकाले ममतालाई अँगालोमा बाँध्नु (पृ. ९७) तथा अँगालो जिन्दगीभर नफुक्ने र पानीको फोकाझैं नफुट्ने अभिव्यक्ति सुबोधले व्यक्त गर्नु यौन आशक्ति हो । सामाजिक र धार्मिक परम्परा र बन्धनलाई तोडेर ममताले सुबोधको माया र सुरक्षा खोज्नु मनोयौनिक सङ्केतका रेसाहरू हुन् । यौनिक सम्बन्ध र परम्परागत विवाह संस्कृतिका बिचमा कथाकारले नयाँ विचार प्रस्तुत गरेकाले प्रस्तुत कथाको यौनिक सन्दर्भ थप प्रभावकारी बन्न पुगेको छ । यस कथामा प्रस्तुत भएका सुबोधका यौनिक सन्दर्भहरू अस्वाभाविक छन् भने ममताका यौनिक सन्दर्भहरू स्वाभाविक छन् ।

**लैङ्गिक हिंसा**

कुनै पनि एक व्यक्ति तथा समूहले अन्य व्यक्ति तथा समूहप्रति गर्ने जुनसुकै दुर्व्यवहार नै हिंसा हो । अरुको स्वतन्त्रतामा बाधा उत्पन्न गर्नु वा मौलिक अधिकारबाट वञ्चित गर्नु हिंसा हो (खनाल, वि.सं. २०७५ पृ. २९) । यस्तो हिंसा शारीरिक, मानसिक, वैचारिक, यौनिक एवम् मनोवैज्ञानिक आदि प्रकृतिका हुन्छन् । कुनै पनि पुरुषले महिलालाई वा महिलाले पुरुषलाई गर्ने विभिन्न दुर्व्यवहारहरू लैङ्गिक हिंसा हुन् । 'मातृत्व' कथामा पितृसत्तात्मक कुसंस्कारमा हुर्किएको सुबोधले एकल महिलामाथि शारीरिक, यौनिक, वैचारिक र मनोवैज्ञानिक हिंसा गरेको तथ्य यसरी फेला पार्न सकिन्छ :

"ढोका लगाइदेऊ ममता ! छोराछोरी आइपुग्छन् । आज सन्च पनि छैन । धेरै बहाना नगर । आजकल तिमी निर्जीव जस्तो लाग्छ कति सजीव भइराख्ने त ? जिउले पनि ख्याल गर्नुपर्छ ।

समयको पनि ध्यान दिनुपर्छ । अरु कुरा थाहा छैन । खुरुक्क ढोका लगाएर यहाँ आऊ” (पृ. ११०) ।

उपर्युक्त सङ्कथनमा ममताको इच्छा विपरीत कामवासना शान्त पार्न खोजेकाले सुबोधको आक्रमणकारी स्वभाव र हिंसा देखापर्दछ । सुबोधले ममताका छोराछोरीलाई समेत मानसिक र वैचारिक हिंसा गरेको छ । ममतासँगै बसेर शारीरिक यौन क्रीडामा रमाउन खोज्दा छोराछोरीले डिस्टर्ब गरे भनी रिसाएर ममतालाई सिनेमा हेर्न जाने निर्देशन दिँदा छोराछोरीले एक्लै घरमा नबसी सिनेमा हेर्ने चाहना राख्दा सुबोध छोराछोरी सिनेमा हेर्न नगई घरमै बस्नुपर्ने थप निर्देशन दिन्छ :

“आज सिनेमाको कार्यक्रम राखेको छु । तयार होऊ । बच्चाहरूलाई घरमै छोड । .... होइन हामी घर बस्दैनौँ । हामी पनि सिनेमा हेर्न जाने । .... हुँदैन । तिमीहरू घरमै बस्नुपर्छ ।” (पृ. १०१) । ममताकी छोरी चन्द्रमा दुर्घटनामा पर्दासमेत सुबोध बेवास्ता गर्ने प्रसङ्गले ममतामा मानसिक पीडा बोध भई सुबोधप्रति घृणा भाव उत्पन्न भएको छ । “मलाई साह्रै पेट दुखेको छ । चन्द्रमालाई धेरै चोट लागेको रहेनछ । सँगै ल्याऊ” (पृ. १०३) । यस अंशबाट सुबोधको ममताप्रति दुर्व्यवहार र हिंसा रहेको पुष्टि हुन्छ ।

### लैङ्गिक चेतना

लैङ्गिक रूपमा पश्चगामी भएका व्यक्तिलाई अग्रगामीमा ल्याउने जागरण नै लैङ्गिक चेतना हो । लैङ्गिक परिचय र पहिचानका कारणबाट वा पितृसत्तामुखी समाजका कारणबाट कुनै पनि लैङ्गिकता र यौनिकता भएका स्त्री पुरुष वा अन्य लिङ्गी गुण भएका व्यक्तिहरूलाई समस्याबाट माथि उठाउने सोचाइ वा जागरणलाई लैङ्गिक चेतना भनिन्छ ( खनाल, वि.सं. २०७५ पृ. ४६) । यसलाई नारीवादको एक अंश मानिन्छ । लैङ्गिक रूपमा समता कायम गराउने र नारी स्वतन्त्रता र अधिकारलाई प्रत्याभूत गराउने अवधारणा नै

लैङ्गिक चेतना हो । यसले नारीलाई समाजका सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक क्षेत्रहरूमा प्रत्यक्ष नेतृत्वदायी सहभागिता र भूमिका स्थापना गर्ने उद्देश्य राख्दछ । 'मातृत्व' कथामा लैङ्गिक चेतना प्रखर रूपमा अभिव्यक्त भएको छ ।

'मातृत्व' कथा नेपाली समाजका लैङ्गिक समस्याहरूको उद्घाटन गरी ती समस्याहरूको सचेतनापूर्वक निराकरण गर्ने विचार सघन रूपमा प्रकट गरिएको नारीवादी वैचारिक कथा हो । ममताले पतिको मृत्युपछि सामाजिक र सांस्कृतिक मान्यतालाई चुनौती दिँदै पतिकै साथी सुबोधसँग जीवन बिताउने निर्णय गर्नु, समाजसँग विद्रोह गर्ने आँट गर्नु एवम् सुबोधसँग खटपट भएपछि सुबोधलाई त्यागेर आफ्नो र छोराछोरीको सुन्दर तथा स्वतन्त्र भविष्यका लागि बाँकी जीवन बिताउने निर्णय गर्नु जस्ता घटनाहरू लैङ्गिक चेतनाका नमुना हुन् । "छोराछोरीका लागि सहारा र माया खोजेँ त के बिराए मैले ? परम्परा र बन्धनलाई तोडेर के अपराध गरे मैले ?" (पृ. ९७) भन्ने सोचाइ राख्दै ममताले सुबोधलाई पतिका रूपमा स्वीकार गर्नु समाजप्रति विद्रोह हो । सामाजिक परम्पराले विधवा नारी विधवाकै रुपमा रहनुपर्ने तथा रातो रङको साडी लगाउन नहुने परम्पराका विरुद्ध विद्रोह गरी सेतो र पहेँलो साडी नलगाई कलेजी, बैजनी र प्याजी रङको साडी लगाउनु (पृष्ठ ९८) लैङ्गिक चेतनाकै उपज मानिन्छ ।

प्रस्तुत कथामा एकल महिलाहरूको सामाजिक अवस्थाको चित्रण गरी उनीहरूको सङ्घर्षपूर्ण जीवन भोगाइ र मातृत्वप्रतिको उदार भावलाई केन्द्रीय कथ्य विषय बनाइएको छ । आफूले मन पराइ सधैँ माया गरी देवतासरह ठानेको व्यक्ति सुबोधले आफ्नो रगतका छोराछोरीलाई घृणा गर्ने र बारम्बार उनीहरूलाई त्यागिदिन दबाब दिएका कारणबाट अन्ततः ममताको धैर्यको बाँध फुट्न गएको छ । सुबोधको गैरजिम्मेवारीपूर्ण व्यवहारबाट ममता आक्रोशित र विद्रोही बन्न बाध्य भएकी छिन् । छोरी चन्द्रमा हराउँदा पनि सुबोधको व्यवहार

प्रतिकूल रहेको छ । यी सन्दर्भका कारण ममताको मनोलोकमा पतित्व र मातृत्वको मानसिक द्वन्द सृजना भई मातृत्वका पक्षमा बलियो रुपमा उभ्याएकी छिन् । सुबोधसँग रहँदा सुन्दर र सुखी परिवार नहुने निर्णयमा पुगी सुबोधलाई परित्याग गरेर आफ्ना सन्तानका साथ बाँकी जीवन बिताएकी छिन् । ममताको लैङ्गिक चेतनाको चरमोत्कर्ष यसरी मुखरित भएको छ : "तपाईँको हस्तक्षेप र अधिकारभित्र बाँच्न चाहन्नँ । दुईटा छोराछोरीलाई आफ्नो जीवन आधार मानेर बाँच्नेछु । मेरा छोराछोरीको माया नै ठूलो हो र सम्पूर्ण छ । मलाई कसैको सहारा अब जरुरत छैन । मलाई छोडिदिनुस् । मलाई मुक्ति दिनुहोस् ।" (पृष्ठ १०४) ।

उपर्युक्त दृष्टान्तमा पुरुषको आश्रयविना पनि नारीहरू आफ्नै क्षमता र पौरखले आत्मनिर्भर भएर बाँच्न सक्दछन् भन्ने कुरा ध्वनित भएको छ । यसरी पितृसत्ताप्रतिको विद्रोही चेत, नारी स्वतन्त्रता र अस्तित्व तथा अधिकारप्रतिको सचेतना र मातृभावको महत्तालाई प्रष्टाइएको छ । नारीवादी विद्रोही चेतना व्यक्तिएको यस कथामा नारीको स्वतन्त्र आत्मनिर्भर र जीवनयापनको अधिकारमा पुरुष बाधक बन्न नहुने वैचारिकता प्रकटीकरण गरिएको छ ।

**लैङ्गिक परिणति**

कथाको आस्वादनपश्चात् प्राप्त हुने मूल कथ्य विषय तथा समष्टि प्रभाव नै परिणति हो । परिणतिका माध्यमबाट निश्चित विचार र दृष्टिकोण प्रस्तुत हुन्छ, त्यो नै सन्देश हो । ( खनाल, वि.सं.२०७५ पृष्ठ ४८) । स्रष्टाको उद्देश्य तथा मनसाय पात्रको चरित्र तथा कथानकबाट प्रस्तुत गरिएको हुन्छ । लैङ्गिक सन्तुलन कायम भई लैङ्गिक विचार प्रकट भएका कथा शक्तिशाली र सफल मानिन्छन् भने लैङ्गिक समस्या हुने तर समाधानका वैचारिक पक्ष तथा उपाय नभएका कथाको परिणति स्थिर वर्णनात्मक प्रकृतिको हुने गर्दछ । 'मातृत्व' कथा लैङ्गिक दृष्टिले प्रभावशाली मानिन्छ ।

'मातृत्व' कथा ममताको जीवनलाई केन्द्रबिन्दु बनाएर उसले भोगेका भोगाइका सापेक्षतामा विभिन्न सन्दर्भहरूलाई प्रस्तुत गरी लैङ्गिक चेतनाको परिणतिमा पुगेको कथा हो । पितृसत्तात्मक सोचाइ भएको यौन पिपासु असत् चरित्र सुबोधको पराजय र मातृत्वको पक्षमा बलियो उभिएको सत् चरित्र ममताको विजय देखाएर लैङ्गिक स्वतन्त्रता र अस्तित्वको खोजी गरिएको छ । परम्परागत पितृसत्तात्मक सामाजिक संरचनामा आधारित मूल्य मान्यताका विरुद्धमा सुबोधलाई दोस्रो पतिका रूपमा स्वीकार गरी आफ्नो मरुभूमिमय जीवनलाई मायाको सङ्घालो नदीको छहारीमा ओत लाग्ने निर्णय ममताले गर्नु (पृष्ठ ९७), कलेजी, बैजनी तथा प्याजी रङको साडी लगाउनु एवम् सुबोधले नारीलाई भोग्या र मनोरञ्जनको साधन मात्र ठान्ने कुरा ममताले बुझ्रेपछि सुबोधको हस्तक्षेप र अधिकारभित्र नबाँची आफूलाई छोडिदिन र मुक्ति दिन (पृष्ठ १०४) विद्रोह गरी छोराछोरीका साथ स्वतन्त्र जीवन बाँच्नु जस्ता प्रसङ्गले यो कथा सक्षम नारीको सगर्व सफलतामा केन्द्रित रहेको देखिन्छ । यस कथाका हरेक निष्कर्ष सापेक्ष र सफल छन् । आत्मीय पवित्र प्रेम र लैङ्गिक स्वतन्त्रता कायम गरी मातृत्व भावको विजयको परिणति निकै उत्कृष्ट मानिन्छ ।

प्रस्तुत 'मातृत्व' कथाले लैङ्गिक समस्यालाई सघन विश्लेषण गरी लैङ्गिक विभेद र अन्यायको अन्त्य हुनुपर्ने सन्देश दिएको छ । ममताले गरेका निर्णयहरू हेर्दा पुरुषप्रधान समाज र त्यसका हिमायती सुबोध जस्ता चरित्रसँग निरन्तर सङ्घर्ष र विद्रोह गरी वैचारिक दृढता र जीवनप्रतिको अगाध श्रद्धाले नारी अस्तित्व स्थापना गर्न सकिने निष्कर्ष यस कथाले निकालेको छ । यसबाट वैचारिक सफलता र व्यावहारिक सन्तुष्टि प्राप्त गर्न सकिने कथ्यगत परिणति प्राप्त भएको छ तसर्थ लैङ्गिक चेतना र अस्मिताका सान्दर्भिक पक्षहरूलाई उठाउँदै तिनीहरूको स्वाभाविक व्यवस्थापन गर्न सकिने सन्देश  दिएकाले प्रस्तुत कथा लैङ्गिक दृष्टिले उपयुक्त र सफल रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

## निष्कर्ष

लैङ्गिक समालोचनाले साहित्यिक कृतिलाई नारी, पुरुष र अन्य लिङ्गी दृष्टिकोणबाट अध्ययन र मूल्याङ्कन गर्दछ । साहित्यिक सिर्जनाभित्र रहेको पितृसत्ता, लैङ्गिक भूमिका, यौनिकता, लैङ्गिक हिंसा, लैङ्गिक स्वतन्त्रता र अस्तित्वसम्बन्धी विचार नै लैङ्गिकता सम्बन्धी चिन्तन हो । 'मातृत्व' कथामा प्रयोग भएका पात्रहरू ममता, सुबोध, छोराछोरी र एकजना भाइ रहेका छन् । कथाकी प्रमुख पात्र ममता र सहायक पात्र सुबोध रहेका छन् । कथामा एकल महिलाको सामाजिक अवस्था र जीवन भोगाइलाई चित्रण गरिएको छ । हवाईजहाज दुर्घटनाबाट पति गुमाएकी ममताले आफ्ना दुई छोराछोरीका साथ एकल जीवन बिताइरहेका अवस्थामा पतिकै साथी सुबोधले सान्त्वना दिएर उनको मन जितेपछि ममता र सुबोध दुवै जनाले जीवनमा सहयात्रा गर्ने निधो गर्दछन् तर सुबोधले छोराछोरी र आफूलाई गरेको बारम्बारको दानवीय व्यवहारबाट उनी अन्ततः सुबोधलाई परित्याग गरी छोराछोरीका साथ स्वतन्त्र जीवन बिताउँछिन् । नारीवर्ग आफ्ना सन्तानका लागि जुनसुकै कुरा पनि त्याग गर्न पछि नपर्ने तथा मातृत्व शक्तिका अगाडि वासनामय भौतिक प्रेम तुच्छ हुने लैङ्गिक सचेतना दिन कथा सफल छ ।

प्रस्तुत 'मातृत्व' कथामा पितृसत्ता तथा परम्परागत सङ्कीर्ण समाजप्रति विद्रोह र नारी स्वतन्त्रता र स्वअस्तित्व पहिचानका विचारलाई केन्द्रमा राखिएको छ । यस कथाकी नारी पात्र ममता नारी हुनुकै कारणले पुरुष पात्र सुबोधबाट पीडित र अधीनस्थ छिन् । सामाजिक संरचनाबाट निर्मित पुरुष वर्चस्व कायम रहनाले सिङ्गो समाज नारी वर्गका लागि अनुदार छ भने पुरुष वर्गका लागि तुलनात्मक रुपमा उदार र स्वाधीन छ । पितृसत्ताकै शिकार भएर एकल महिला ममता जीवनभर विधवाकै रूपमा रहनुपर्ने सोच राख्नु, छोराछोरीलाई राखिदिएको सबै खाजा सुबोधले खाइदिनु, छोराछोरीले डिस्टर्ब गरे भनी मन नपराउनु,

ममताको इच्छा विपरीत जबर्जस्ती यौनवासनामा बाध्य पार्नु, छोराछोरीलाई छोडेर ममतालाई कडा आदेश दिई सिनेमा हेर्न लैजानु, छोरी चन्द्रमा हराई दुर्घटनामा परेर अस्पतालमा हुँदासमेत सुबोधले वेमतलब गर्नु जस्ता घटनाहरू सामन्तवादी पितृसत्ताकै उपज हुन् । अन्ततः ममताले सुबोधसँग विद्रोह गरी खुसी जीवन बाँच्ने निर्णय गर्नु साहसिक कार्य हो र लैङ्गिक चेतना तथा सशक्तीकरणको उत्कृष्ट नमुना हो ।

निष्कर्षतः नेपाली समाजमा परम्परागत पितृसत्ता, लैङ्गिक हिंसा र विभेद, सामाजिक लिङ्ग भेद, महिलाको शरीरमाथि आफ्नो प्रभुत्व कायम नहुने अवस्था आदिले धेरैजसो नारी उत्पीडित र शोषित छन् तसर्थ नारीहरूले आफ्नो हक अधिकारको प्राप्ति र उपयोगका निम्ति पुरुषप्रधान समाजसँग सङ्घर्ष र विद्रोह गर्नुपर्ने विचार यस कथामा प्रस्तुत गरिएको छ । नारीले स्वतन्त्र किसिमले निर्णय लिने र जीवनयापन गर्ने अधिकारमा पुरुष बाधक बन्नु हुँदैन बरु लैङ्गिक समविकासका लागि नारी र पुरुष दुवै उदार र परिपूरक भई सहयात्रा गरेमा लिङ्गीय समतामूलक समाज निर्माण हुने तथ्य विवेच्य कथामा ध्वनित भएको निष्कर्ष निकालिएको छ ।

## सन्दर्भसूची

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* अक्षर क्रियसन ।

कायस्थ, रमण (२०७८), *विश्वेश्वरप्रसाद कोइरालाका कथामा लैङ्गिकता,* [अप्रकाशित दर्शनाचार्य शोधपत्र], नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

खनाल, राजेन्द्र (२०७५), *लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग,* सनलाइट पब्लिकेसन्स ।

खनाल, लोकचन्द्र (सन् २०२२), निन्द्रा कथामा लैङ्गिकता, *अवधारणा, ७* (१), पृ. २४-३२ ।

पौडेल, टीकाप्रसाद (सन् २०२१), मृगतृष्णा कथामा लैङ्गिक चेतना, *त्रियुगा ऐकेडेमी जर्नल, २* (२), पृ. ११६-१२४ ।

भट्टराई, रमेशप्रसाद (२०७६), लैङ्गिक समालोचना, *रत्न बृहत् समालोचना (सैद्धान्तिक खण्ड),* राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा. दो. संस्क.) रत्नपुस्तक भण्डार, पृ. २५९-२७३ ।

लामिछाने, यादवप्रकाश (२०७२), *नेपाली कथा र उपन्यास सिद्धान्त र समीक्षा,* विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, लीला (सन् २०११), आख्यानकार भागीरथी श्रेष्ठ, *समकालीन साहित्य,* पृ. १ –१४ ।

सुवेदी, धनप्रसाद र चौलागाईं, प्रेम (सम्पा.), (२०७८), *अनिवार्य नेपाली कक्षा बाह्र,* पाठ्यक्रम विकास केन्द्र ।

श्रेष्ठ, दयाराम (२०४५), *नेपाली कथाका समकाली सन्दर्भहरू,* नेपाल प्रज्ञाप्रतिष्ठान ।

Abhram, M. H. & Harfam, G. G. (2005). *A glossary of literary terms* (8th ed.). Wadsworth Cengage Learning.